## मैले के गर्नु पर्छ?

तपाईको बालबालिकाको MMRV खोपको लागि तपाईले आफ्नो डाक्टर वा खोपदिने क्लिनिकमा भेट्ने समयको ब्यवस्था गर्नु पर्दछ। बालकलाई अत्याधिक संरक्षण प्रदान गर्नको लागि यो भेट्ने समय बालक १८ महिना पुगेपछि वा पुगेको केहि दिनमै हुनु पर्दछ।

## के यो खोप लगाउनाले कुनै पनि प्रकारको अन्य असरहरु पर्दछ?

अन्य सुईहरु जस्तै, MMRV खोपले केहि समान्य असहरु देखा पर्न सक्दछ तर गम्भिर असर भने ज्यादैनै कम छ। हुन सक्ने समान्य असरहरुमा थोरै ज्वरो, निदाउन नसक्ने, बेचैनीहुने वा दिक्दारी मान्ने हुने; सुई दिएको स्थानमा रातो हुने, दुख्ने वा सुनिने हुन सक्दछ; वा ज्यादै कम मात्रमा, छालामा ठेउला वा दादुरा आएजस्तो पनि देखिन सक्छ। तपाईको बालकलाई यदि खोपबाट दादुरा, हाँडे, रुबेला वा भरिसेला भने हुँदैन।

केहि थप असरहरुमा भने कुनै कुनै बालकहरुलाई यस खोपले ज्वरो पनि आउन सक्दछ। सुई पछिको ज्वरोले बालकलाई कमजोर भएजस्तो पनि बनाउन सक्दछ। MMRV खोपको कारण अलिक ज्वरो आउने दर बढि हुन्छ, बालबालिकाहरु विशेष गरि तिन बर्ष भन्दा कम उमेरका हरुलाई यस्तो प्रकारको ज्वरो आउने लक्षण सामन्य हो र यो कुनै जीवन प्रतीको खतरा भने हुँदैन। तपाईको बालक १२ महिनाको हुँदा MMR खोप लगाउनेले १८ मिहनामा MMRV खोप दिदा यस्ता किसिमको ज्वरो आउने संभावना कम हुन सक्दछ।।

## यदि मलाई प्रश्न सोध्न परेमा को संग कुरा गर्न सक्दछु?

यदि तपाई सँग यस खोपको बारेमा कुनै पनि प्रश्नहरु वा सरोकारहरु भएमा तपाईले आफ्नो डाक्टर, खोपको व्यवस्था गर्ने व्यक्ती वा स्थानिय स्वास्थ्य विभागमा सम्पर्क गर्नुहोला।

## थप जानकारी

MMRV खोप वा दादुरा, हाँडे, रुबेला र ठेउलारोगको बारेमा थप जानकारीकोलागि Immunise Australia Program Infoline को 1800 671 811 अथवा Immunise Australia Program को वेभसाईट immunise.health.gov.au मा हेर्नुहोला।








**यी जानकारीहरु कहाँबाट लिन सक्छु**

**www.immunise.health.gov.au/**

अथवा तपाईको स्मार्टफोनको QR रिडर app मा स्क्यान गरेर

टिप्पणी: यस प्रकाशनका जनकारीहरु १ मे २०१३ सम्मकोलागि सहि छन्।

10050 May 2013 – Nepali

# ४ रोगहरु १ खोप

# 4 Diseases, 1 Vaccine

दादुरा, हाँडे, रुबेला, ठेउला

measles, mumps, rubella, varicella

## अबिभावकहरुकोलागि जानकारी

## Information for parents




**१ जुलाई २०१३ देखी**

Australian Government

IMMUNISE AUSTRALIA PROGRAM

An Australian, State and Territory Government initiative

# नयाँ दादुरा, हाँडे, रुबेला र ठेउलाको एकमुष्ठ खोप

## दादुरा, हाँडे, रुबेला र ठेउला(MMRV) को खोप के हो?

यस नयाँ संयुक्त MMRV खोपले बाल्यकालमा हुने चार किसिमको बिमारी हुन सक्ने बाट संरक्षण गर्दछ। यस किसिमको बिमारीहरुले गम्भिर खालका बिरामी पनि पर्न सक्दछन् जस्तै ईन्सेफ्लाईटिस(दिमागमा तात्नेपोल्ने बिमारी), मेनिजाईटिस (गिदिको वरीपरिको नशाहरुमा असर गर्ने), कनजेनेटल रुबेला सिण्ड्रोम(गर्भको बेला बच्चाको आमामा परेको रुबेलाले बच्चा जन्माउन गम्भिर खतरा पुग्ने) र छालामा ब्याक्टेरीयाको असर(दाग पनि बस्न सक्दछ) हुन सक्दछ।

## के परिवर्तन भयो?

MMRV १८ मिहिनाको बलकलाई दिईनेछ। यसले दादुरा, हाँडे, रुबेला (MMR) जस्ता पहिले ४ बर्षको उमेरमा दिईने खोप र १८ महिनाको हुँदा दिईने भारेसिला(ठेउलाको लागि) लाई प्रतिस्थापित गर्दछ। यो सूई १ जलाई २०१३ देखी उपलब्ध हुनेछ। यसको लागि कुनैपनि सिफारिस(प्रिस्क्रिप्सन)को जरुरी पर्दैन; केवल तपाईको डाक्टर वा खोप दिने क्लिनिकमा भेट्ने समय मिलाउनुहोला।

National Immunisation Program [राष्ट्रिय खोप योजना] अनुसार, यि रोगहरुको बिरुद्धका खोपहरुदिने समयतालिका निम्नानुसार हुनेछ:

**१२ महिनाको उमेर:** दादुरा, हाँडे, रुबेला र ठेउला (MMRV)

**१८ महिनाको उमेर:** दादुरा, हाँडे, रुबेला र ठेउला (MMRV)

**४ बर्षको उमेर:** डिफ्टेरिया, धनुषटंकार, परटिस्युस(लहरे खोकी) र पोलियो जस्ता गम्भिर रोगहरुबाट बच्नको लागि बालकहरुलाई यस खोपको जरुरी पर्दछ।।



## यी बिमारीहरुको विरुद्ध मेरो बालबालिकालाई खोप लगाउनु किन जरुरी छ?



दादुरा, हाँडे, रुबेला र भरेसिला(ठेउला) जस्ता रोगहरुबाट समुदायमा आईपुग्नु अगाडीनै बचाउन खोप बालबालिकाहरु र बयस्कहरुलाई संरक्षण दिने सुरक्षित र ज्यादैउत्तम उपाय हो।

खोपका कारण यस्ता रोगहरुबाट हुने खतरा र घटनाहरु अत्याधिक रुपमा न्यूनिकरण भएतापनि, त्यसको असर भने अझै पर्दछ र गम्भिर स्वास्थ्यमा खतरा र जटिलता निहितनै छन्, र दुख:को कुरा कुनै कुनै बखतमा भने मृत्यु पनि हुने गर्दछ। अष्ट्रेलियामा यी रोगहरु नियन्त्रित भएता पनि, अन्तराष्ट्रिय यात्रा वा अष्ट्रेलियामा आउने विदेशी यात्रुहरु संग को सम्पर्कबाट यि रोगहरु सर्ने गरेको पाईन्छ, विशेष गरि दादुरा, जुन समुदायमा अझै देखा पर्दछन्।

खोपले शरिरको विशेष आन्तरिक शारिरीक हानी हुनबाट बच्नको लागि संरक्षण गर्ने जीवाणुको निर्माण गर्दछ, यसले केवल एक एक मानिसहरुलाई मात्र हैन समुदायकै जीवाणु संगको संघर्ष गर्ने स्तरमा विकास गर्दछ। यसले समुदायमा फैलन सक्ने संक्रमणबाट बचाउँदछ।

## यदि मेरो बालकलाई ठेउला आईसकेको भए के हुन्छ?

बालबालिकाहरु जसलाई १८ मिहनाको उमेर अगाडीनै भरेसिला(ठेउला) बाट संक्रमित भएता पनि उसले MMRV खोप लगाउनु महत्वपूर्ण हुनेछ। बालबालिकाहरु जसलाई पहिलेनै संघर्ष गर्ने जीवाणू भएता पनि एक वा त्यो भन्दा बढी भरेसिला जस्ता खोपको मात्राले कुनै पनि किसिमको नराम्रा असर भने गर्दैन। जहिले देखि भरेसिला खोप राष्ट्रिय खोप योजना (National Immunisation Program) मा सन् २००५ देखी संलग्न गरियो तब देखी भरेसिलाको संक्रमण समुदायमा फैलने दर निकैनै कम भएको छ।



## MMR को दोश्रो मात्रा किन १८ महिना भएपछिको लागि सारिएको हो?

MMRV खोपको सुरुवात गर्नाले, बालबालिकाहरुले पहिलाको खोप दिने तालिकामा चार बर्षको उमेरमा मात्र पाउने दादुता, हाँडे र रुबेला को खोप हाल १८ महिनाको उमेरमा दुई-मात्रा पाउने छन्। यस परिवर्तनले बालबालिकाहरु पूर्ण रुपमा अझै सानो उमेरदेखी नै संरक्षित गराउने निश्चय गर्दछ र यदि उनिहरु संक्रमित मानिसहरु संग भेटे पनि रोग लाग्ने /सर्ने मौका भने कम हुनेछ। MMRV खोपले चार खालका बाल्य अवस्तआका बिमारीहरुबाट बचाउने हुनाले बालबालिकाले पाउने खोपको संख्या एक कम हुनेछ।

## यदि मेरो बालकलाई १८ महिनाको ठेउलाको खोप लगाई सकेको भए के हुन्छ?

१ जुलाई २०१३, बालबालिकाहरु जसले १८ महिनाको उमेरमा भिरेसिला(ठेउला)को खोप लगाई सकेको भए पनि आन्तरिक समायोजन निती अनुसार दादुरा, हाँडे र रुबेलाको खोप चार बर्ष हुँदा फेरी पनि दिईनेछ। यो सम्पूर्ण बालबालिकाहरु १ जुलाई २०१३ मा १८ महिनाको उमेर र ३१ डिसेम्बर २०१५ मा चार बर्ष पुग्नेहरुलाई लागू हुनेछ।

## मेरो बालबालिकाको खोपको अवस्थाले मेरो Family Tax Benefit Part-A [फेमिलि ट्याक्स बेनिफिट पार्ट -ए] मा कसरी असर पार्दछ?

आमाबाबुहरुले उनिहरुको फेमिलि ट्याक्स बेनिफिट पार्ट –ए हासिल गर्नको लागि उनिहरुको बालबालिकाहरुको एक, दुई र पाँच बर्षको उमेर हुँदा हरेक आर्थिक बर्ष भित्रमा खोपको मात्रा पुरा भैसकेको हुनु पर्नेछ। यस प्रकृया पुरा गर्नकोलागि बालबालिकाहरु मान्यता प्राप्त खोपको तालिका अनुसार 'पूर्ण रुपमा खोप लगाई सकेको (fully immunised[1])' हुनु पर्दछ, वा नलगाउने मान्यता प्राप्त छुट हासिल गर्नु होला।

[1] 'पूर्ण रुपमा खोप लगाई सकेको (fully immunised)' को स्तह हासिल गर्नकोलागि बालबालिकाहरुले National Program (NIP) बमोजिमको खोप लगाएको हुनु पर्दछ र Australian Childhood Immunisation Register (ACIR). मा दर्ता भएको हुनु पर्दछ।